# नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाण्डौ ।
फोन नं.: ४४१४८०४/८०५/८०७
एक्सटेन्सन ५३०
पोष्ट बक्स: ७३
Email :fxmd_policy@nrb.org.np


इ.प्रा. परिपत्र संख्या : ०३/२०८०-८१

मितिः २०८०/०६/१०

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु,
श्री विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु ।

**विषय : एकीकृत परिपत्र-२०७९ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०७९ मा देहायबमोजिम संशोधन/थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. **एकीकृत परिपत्र-२०७९ को एकीकृत इ.प्रा. परिपत्रः ३/२०७९ अन्तर्गतको सुन आयात तथा बिक्री वितरण सम्बन्धी कार्यविधि, २०६८ को दफा ४(क), दफा ८ र दफा २४ लाई देहायबमोजिम संशोधन गरिएको छः**

**दफा ४(क)**

आयात गर्न सकिने सुनको दैनिक परिमाण हाललाई **२० (बीस)** किलोग्राम कायम गरिएको छ ।

**दफा ८**

दैनिक निर्धारित सीमाको परिमाणमा नबढ्ने गरी आयात गर्न सकिनेः- मूल्यको दृष्टिकोणले मितव्ययी तथा लाभदायी हुने भएमा दैनिक निर्धारित सीमाको परिमाणमा नबढ्ने गरी आवश्यकता अनुरुपको मितव्ययी परिमाण (Economic Size) मा एकमुष्टरूपमा समेत सुन आयात गर्न सकिनेछ ।

तर, यस्तो एकमुष्टरूपमा आयात गर्दा आगामी दिनको लागि अग्रिमरूपमा आयात गर्न **र व्यतीत भएको कुनै महिनामा दैनिक आयात नभएको सुन अर्को महिनामा आयात गर्न** पाइने छैन ।

**स्पष्टीकरणः व्यतीत भएको कुनै महिनामा दैनिक आयात नभएको सुन अर्को महिनामा आयात गर्न पाइने छैन भन्नाले कुनै वर्षको एक महिना (उदाहरणको लागि साउन महिना) मा दैनिक तोकिएबमोजिमको परिमाणको सुन आयात नभएमा त्यस्तो सुन तत् (साउन महिना) पश्चात्का महिनाहरुमा आयात गर्न पाइने छैन । तर, कुनै एक महिना (उदाहरणको लागि साउन महिना) को कुनै समयसम्म दैनिक तोकिएबमोजिमको परिमाणको सुन आयात नभएमा सोही महिना (साउन) भित्र त्यस्तो सुन आयात गर्न भने बाधा पर्ने छैन ।**

**दफा २४**

विवरण बुझाउनु पर्नेः- बैंकबाट सुन खरिद गर्ने व्यवसायीले आफूले बिक्री/उपयोग गरेको सुनको संलग्न अनुसूची २ बमोजिमको ढाँचामा प्रत्येक महिना समाप्त भएको ७ (सात) दिनभित्र सम्बन्धित बैंकमा मासिक विवरण बुझाउनु पर्नेछ । **यस्तो विवरण विद्युतीय माध्यमबाट समेत बुझाउन सकिनेछ ।** बैंकहरूले आफूले आयात गरी बिक्री गरेको विवरण अनुसूची १ बमोजिमको ढाँचामा व्यवसायीले पेश गरेको विवरण समेत संलग्न राखी प्रत्येक महिना वितेको १५ (पन्ध्र) दिनभित्र **विभागको इमेल fxmstat@nrb.org.np वा**

क्रमशः

नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाण्डौ ।
फोन नं.: ४४१४८०४/८०५/८०७
एक्सटेन्सन ५३०
पोष्ट बक्स: ७३
Email :fxmd_policy@nrb.org.np

**विभागले तोकेबमोजिम अन्य माध्यमबाट** मासिक विवरण बुझाउनु पर्नेछ । यसरी तोकिएको विवरण बुझाउनु पर्ने कर्तव्य भएका बैंक तथा व्यवसायीले उक्त विवरण नबुझाएसम्म थप आयात तथा खरिद गर्ने क्रममा समावेश हुन पाउने छैनन् ।

भवदीय,

२०८०/०६/१०

(रामु पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ:**

१) श्री गभर्नरको कार्यालय ।
२) श्री डेपुटी गभर्नरको कार्यालय ।
३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४) नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।
५) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग ।
६) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, निर्यात प्रवर्द्धन तथा व्यापार सहजीकरण शाखा ।
७) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
८) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
९) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
१०) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
११) श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
१२) श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१३) श्री नेपाल उद्योग परिसंघ ।
१४) श्री नेपाल चेम्बर अफ कमर्स ।
१५) श्री नेपाल बैंकर्स संघ ।